आ.ब. २०८२/०८३ को बैठक

आज मिति २०८२।०४।०२ गते शुक्रबारको दिन बिहान ७:०० बजे यस परवानीपुर गाउँपपालिकाका अध्यक्ष श्री रामक्षत्री प्रसाद कुर्मीज्यूको अध्यक्षतामा यस परवानीपुर गाउँकार्यापालिकाको तपसिल बमोजिमको उपस्थितिमा बैठक बसी निम्नानुसारको निर्णय गरियो ।

## उपस्थिती

| क्र.स. | नाम/थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री रामक्षत्री प्रसाद कुर्मी | अध्यक्ष | |
| २ | श्री सुगान्धी देवी कनुइन | उपाध्यक्ष | |
| ३ | श्री चोकट महतो धानुक | सदस्य | |
| ४ | श्री महमदनुरुल होदा अंसारी | सदस्य | |
| ५ | श्री इब्राहिम मियाँ धोबी | सदस्य | |
| ६ | श्री गम्भिरा राउत कुर्मि | सदस्य | |
| ७ | श्री रामेश्वर साह कलवार | सदस्य | |
| ८ | श्री इन्द्रकलिया देवी चमैन | सदस्य | |
| ९ | श्री चिन्ता देवी पासवान | सदस्य | |
| १० | श्री लक्ष्मीना देवी नुनिया | सदस्य | |
| ११ | श्री कोहरी देवी भरिन | सदस्य | |
| १२ | श्री जगदिश राम | सदस्य | |
| १३ | श्री महन्थ राम हरजन | सदस्य | |
| १४ | श्री मुन्ना साह रौनियार | सदस्य - सचिव | |
| १५ | श्री उमेश प्रसाद गुप्ता | सब-ईन्जिनियर | |
| १६ | श्री रामप्रबेश साह | सब-ईन्जिनियर | |
| १७ | श्री आयुष कुमार साह | लेखा शाखा प्रमुख | |
| १८ | श्री कृष्णा प्रसाद यादव | राजश्व शाखा प्रमुख | |
| १९ | श्री रवी जैश्वाल | IT Officer | |
| २० | श्री लक्ष्मी बडाल | प्रशासन शाखा प्रमुख | |
| २१ | श्री रुपेश मण्डल | योजना शाखा प्रमुख | |
| २२ | श्री अजय कुशवाहा | जिन्सी शाखा प्रमुख | |
| २३ | श्री बच्चा प्रसाद यादव | कार्यालय सहयोगी | |
| २४ | श्री अशोक राम | कार्यालय सहयोगी | |

# प्रस्ताव तथा निर्णयहरु

तपसिल बमोजिमको प्रस्तावहरु माथी व्यापक छलफल गरि निर्णय गरियो ।

| क्र.स. | बिषय | तपसिल बमोजिमको प्रस्तावहरु माथी व्यापक छलफल गर्दा, |
|---|---|---|
| १ | समिक्षा | आ.ब. २०८१।०८२ को कार्यपालिका बैठकका निर्णय र बार्षिक प्रगतीको समिक्षा सम्बन्धमा ।<br>आ.ब. २०८१।०८२ मा कार्यपालिकको बैठक भएको निर्णयहरु कार्यवन्यन भएको तथा केहि निर्णयहरु कार्यवन्यन अवस्थामा रहेकाले सम्बन्धित सबैलाई धन्यबाद दिने ।र आ.ब. २०८१।०८२ को बार्षिक प्रगति समिक्षा गरियो सो प्रगती स्वेत पत्र तथा वेब साइट लगायत अन्य सरकारी पोर्टलमा मार्फत सार्वजनिक गर्ने । |
| २ | जिल्ला दररेट | जिल्ला दररेट तथा रेट एनलाईसिस स्विकृत सम्बन्धमा ।<br>➢ परवानीपुर गाउँपालिकाको आ.ब. २०८२/०८३ को योजना तथा कार्यक्रम संचालनको लागी बारा जिल्ला दररेट आ.ब. २०८२/०८३ लाई स्विकृत गरियो र यस कार्यालयको योजनाको लागत अनुमान, सेवा खरिद तथा अन्य खरिद र निर्माण कार्य जिल्ला दररेटको सिमाभित्र रहि लागत अनुमान र खरिद कार्य गराइ भुक्तानी गर्ने ।<br>➢ छिमेकि जिल्ला पर्साको सदरमुकाम तथा विरगंज माहानगरपालिका यस पालिकाबाट नजिक भएको कारण प्राय खरिद कार्य लगायतका कार्य विरगंजबाट नै हुने गरेको कारण पर्साको जिल्ला दररेट आ.ब. २०८२/०८३ लाई समेत स्विकृत गरियो ।<br>➢ बारा जिल्ला दररेट आ.ब. २०८२/०८३ र पर्सा जिल्ला दररेट आ.ब. २०८२/०८३ को अधारमा यस पालिकाको लागी प्राविधिक शाखाबाट गरिएको रेट एनलाईसिस लाई स्विकृत गरियो र सोहि दररेटमा लागत अनुमान तथा खरिद कार्य अगाडि बढाउने । |
| ३ | योजना तथा कार्यक्रम | प्रशासकिय भवन उद्घघाटन सम्बन्धमा ।<br>➢ यस परवानीपुर गाँउपालिकाको नव निर्मित प्रशासकीय भवनको समुद्घघाटन सम्माननीय प्रधानमन्त्रीज्यूबाट यहि मिति २०८२/०४/०९ गते शुक्रबारको दिन हुने प्रधानमन्त्रिको कार्यालयबाट समय तोकिएकोले व्यवस्थापन गर्नको लागी समय एकदमै कम रहेकोले टेन्ट पन्डाल लगायत अन्य व्यवस्थापनको लागी ३ दिने सार्वजनिक सूचना जारी गर्ने तथा प्राप्त प्रस्तवाबाट न्युनतम कबुल गरेको फर्म संस्था वा व्यक्तिबाट सो व्यवस्थापनको कार्य ९ गते विहान १० बजे सम्म गर्ने गरि कायदेश तथा समझौता गर्ने । र कार्यालयले त्यार गरेको आ.ब. २०८२/०८३ को बार्षिक योजना तथा कार्यक्रम गाउपालिकाको भवन उदघाटन खर्च शिर्षकबाट भुक्तानी हुने गरि सबै व्यवस्थापन तथा लागत अनुमान स्विकृत गरियो र कार्य अगाडी बढाउनको लागी निर्देशन समेत गर्ने । |